११८८ - ८८०

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३५२/२०७१/०७२

निर्णय नं. ८००

बारा जिल्ला, कलैया न.पा.वडा नं. १४ विसम्भर बस्ने मुकेश कुमार कुशवाहा... ..............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री ३ चन्द्र उच्च माध्यामिक विद्यालय, कलैया, बारा...............................१ विपक्षी
सूचना अधिकारी, श्री ३ चन्द्र उच्च माध्यामिक विद्यालय, कलैया, बारा .............................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

बारा जिल्ला, कलैया न.पा.वडा नं. १४ विसम्भर बस्ने मुकेश कुमार कुशवाहाले श्री ३ चन्द्र उच्च माध्यामिक विद्यालय, कलैया, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१७ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।१२।२७ को पत्रबाट श्री ३ चन्द्र उच्च माध्यामिक विद्यालय, कलैया, बारालाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाँए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्बत् २०७३ वेशाख ५ गते रोज १ शुभम्